# सर्वोच्च अदालत (बाह्रौं संशोधन) नियमावली, २०६८

नेपाल राजपत्रमा प्रकाशन मिति

२०६८।२।२

सर्वोच्च अदालत नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरूको नाम "सर्वोच्च अदालत (बाह्रौं संशोधन) नियमावली, २०६८ रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४०ख. मा संशोधन :** सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४०ख. को,-

(१) उपनियम (१) मा रहेका "बन्दीप्रत्यक्षीकरण, परमादेश" भन्ने शब्दहरुको सट्टा "परमादेश, उत्प्रेषण, प्रतिषेध र अधिकारपृच्छा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतका समानान्तर अधिकारक्षेत्रमा पर्ने बन्दीप्रत्यक्षीकरणको निवेदन दिंदा वा लिंदा सो विषयमा पुनरावेदन अदालत वा जिल्ला अदालतमा कुनै रिट निवेदन दिएको वा कानूनी कारबाही चलाएको छ वा छैन भन्ने व्यहोरा स्पष्ट खुलाउनु पर्छ।"

(३) उपनियम (३) मा रहेका "उपनियम (१) वा (२)" भन्ने शब्दहरुको सट्टा "उपनियम (१), (१क) वा (२)" भन्ने शब्दहरु राखिएका छन्।

नेपाल कानून आयोग